निर्णयहरू:

१. सरकारी इमेलको प्रयोगलाई नेपाल सरकार, मन्त्रिषरिषद्बाट स्वीकृत भएको कार्यविधीमा आवश्यकता अनुसार परिमार्जन गरी स्मार्ट इमेल प्रणाली विकास गर्न आवश्यक पूर्वाधारको व्यवस्था, सबै सरकारी कार्यालयहरूलाई इमेल ठेगाना उपलब्ध गराउने र सरकारले बनाएका सफ्टवेयरहरूको सुरक्षा अडिट गर्ने व्यवस्था सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने।

२. हेलो सरकारमा प्राप्त हुने उजुरी तथा गुनासोको तत्कालै गुनासो फछ्र्यौट गर्ने व्यवस्था मिलाउने। गुनासो फछ्र्यौटका लागि सम्बन्धित सचिवले फछ्र्यौट अवस्थाको नियमित रुपमा अनुगमन गर्ने। साथै, प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित गुनासोहरूको समाधान गर्न अनुरोध गर्ने।

३. नेपाल सरकार पक्ष भएका सन्धी सम्झौताहरू नेपाल सरकार मन्त्रिपरिषद्मार्फत सङ्घीय संसदमा पेश गर्ने प्रयोजनका लागि सम्बन्धित मन्त्रालय/निकायले उक्त सन्धि, सम्झौताको प्रति नेपाली भाषामा आधिकारिक अनुवाद समेत गरी नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रस्ताव पठाउने।

४. संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमको कार्यान्वयन सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायले प्रस्तावित नीति तथा कार्यक्रम सहित एक हप्ता भित्रमा कार्यान्वयनको कार्ययोजना बनाइ कार्यान्वयन गर्ने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी दिने।

५. नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा हुने सचिव बैठक प्रत्येक महिना साविक बमोजिम नियमित बस्ने। कुनै मन्त्रालय/निकायले राष्ट्रियस्तरको विषयमा छलफल गर्ने प्रयोजनका लागि प्रत्येक १५/१५ दिनमा बैठक आयोजना गर्ने। उक्त बैठकमा सम्बन्धित क्षेत्रका मन्त्रालयका सचिव एवम् विषय विज्ञलाई समावेश गर्ने। यस प्रकारको बैठकमा छलफल गरिने विषयको संक्षिप्त व्यहोरा सहित कम्तिमा एक हप्ता अगावै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२०७५/५/१३

मुख्य सचिव